- दलित, जनजाति, महिला तथा बिपन्नमूखी कार्यक्रम यस्ता बर्गको आर्थिक अबस्था र सामजिक हैसियत दिगोरुपमा सुधार्ने खालको हुनुपर्छ ।
- समूहको बार्षिक योजनामा विपन्न घरधुरीलाई गरिने बस्तुगत र आर्थिक सहयोग एकिन हुनु पर्दछ ।
- समूहमा सम्पन्नता स्तरिकरण गरी छनौट गरिएका बिपन्न बर्गले प्राप्त गरेको उपलब्धी र लगानीको कम्तिमा अर्धबार्षिक रुपमा समिक्षा तथा बिश्लेषण गर्नुपर्दछ ।
- जीविकोपार्जन कार्यक्रमबाट दलित, जनजाति, महिला तथा बिपन्न बर्गलाई पुऱ्याईएको सहयोगको समूहले अनुगमन तथा मूल्याङ्कन गरी जिल्ला वन कार्यालय तथा सहयोगी निकायहरूलाई सोको प्रतिबेदन पठाउनुपर्दछ ।

## दिगो वन व्यवस्थापन

दिगो वन व्यवस्थापनको माध्यमबाट समूहको आबश्यकता परिपूर्ति गर्नका साथै समूहलाई बढी भएको वन पैदावार समूह बाहिर बिक्रीबितरण गर्न सकिन्छ । सामुदायिक वनको कार्ययोजनामा उल्लेख गरिए अनुसार दिगो वन व्यवस्थापन गरी वन पैदावारको उत्पादनमा वृद्धि ल्याउन निम्न कार्यहरू गर्नु पर्दछ ।

- चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाउने ।
- स्रोत सर्वेक्षण गरी वन कार्ययोजना तयार गर्दा वातावरणीय, आर्थिक र सामाजिक पक्षलाई ध्यान दिनु पर्दछ ।
- सामुदायिक वनबाट उपलब्ध हुने वातावरणीय सेवाहरूको सम्भावानाको खोजी गरी वातावरणीय सेवा शुल्कको अवधारणालाई अगाडि बढाउन सकिनेछ ।
- सामुदायिक बनमा रुख एवम् जडिबुटी प्रजातिका बृक्षारोपण गर्दा स्थानीय रैथाने प्रजातिलाई प्राथमिकता दिनुपर्दछ ।
- वन कार्ययोजनामा उल्लिखित वार्षिक रुपमा प्राप्त गर्न सकिने परिमाणको आधारमा वन पैदावार उपयोग गर्दै जानुपर्दछ ।
- स्वीकृत कार्ययोजना बमोजिम समूहको आवश्यकता पुरा गरी बढी भएको वन पैदावार साधारण सभाको निर्णय अनुसार जिल्लाको मागलाई प्राथमिकता दिई जिल्ला बाहिर बिक्रि वितरण गर्न सकिन्छ । बिक्री बितरणका लागि प्राथमिकताका आधार तयार गर्दा दाह संस्कार, घरकाज, बिकास निर्माण कार्यलाई बिचार पुऱ्याउनु पर्दछ ।
- समूहले कार्ययोजना वमोजिम प्राप्त गरेको काठ उपभोक्ता समूहको टाँचा प्रयोग गरी नजिकको वन कार्यालयमा जानकारी दिई पायक पर्ने स-मिलमा लगी चिरान गर्न सक्दछन् । यसको अनुगमन कार्य समिति स्वयंले गर्नुपर्दछ ।


© केएर नेपाल, हरियो वन कार्यक्रम

मनास्लु सामुदायिक वन, लमजुङ

**थप जानकारीको लागि**
**हरियो वन कार्यक्रम, केएर नेपाल**
लेखनाथमार्ग, न्यूरोड, पोखरा
फोन नं ०६१-५२२२४२/५२२२४३
वेबसाइट: www.hariyoban.org
इमेल:hariyobanprogram@wwfnepal.org

*डिस्क्लेमर: यो सङ्क्षिप्त जानकारी पर्चा अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु केएर नेपालको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।*

# हरियो वन कार्यक्रम

## सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ (दोस्रो परिमार्जन) का प्रमुख प्रावधानहरू

*Hariyo Ban Number: Briefing paper 009*


© डब्लुडब्लुएफ नेपाल, हरियो वन कार्यक्रम

'हरियो वन नेपालको धन' भन्ने नेपाली उक्तिबाट 'हरियो वन कार्यक्रम' नामाकरण भएको हो । यसको उद्देश्य जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्नु र नेपालको जैविक विविधताको चुनौतीलाई कम गर्नु हो । यस उद्देश्य पूर्तिका लागि सरकार, समुदायहरू, नागरिक समाज र नीजि क्षेत्रसँगको सहकार्य आवश्यक छ । यस हरियो वन कार्यक्रमले विशेष गरी नेपालका स्थानीय समुदायहरूलाई देशमा विद्यमान स्रोतको सुरक्षा गर्ने र संरक्षण एवम् जीविकोपार्जनका उत्तम तरिका मार्फत् बदलिँदो जलवायुमा अनुकूलन गर्न सक्षम तुल्याउँछ । यसरी यस कार्यक्रमले जनता र जङ्गलबीच सम्बन्ध जोड्छ र नेपालका जनता र वन्य प्रकृति दुवैको हित गर्दछ । यस कार्यक्रमको मूल विषयमा तीनवटा अन्तनिर्हित सम्भागहरू छन् । ती सम्भागहरू हुन् : जैविक विविधताको संरक्षण, रेड प्लस लगायतका पारिस्थितिकीय सेवाको भुक्तानी र जलवायु परिवर्तन अनुकूलन । यी कुराहरू जीविकोपार्जनका माध्यम, सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरणको गहिरो अन्तर सम्बन्धबाट सम्भव हुन्छन् । युएसएडद्वारा आर्थिक सहयोग प्रदान भएको हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपालको प्रमुख साझेदारीमा केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा कार्यान्वयन गरिएको कार्यक्रम हो ।

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०६५ ले परिकल्पना गरेका सुशासन सम्बन्धी विशेष प्रावधानहरूलाई व्यवहारमा साकार पार्न र दिगो वन व्यवस्थापन कार्यलाई सुदृढ बनाउन आम समुदायमा यसको उद्देश्य तथा प्रावधानहरूका बारेमा जानकारी हुनु आवश्यक महशुस गरी अमेरिकी सहयोग नियोग यू.एस.ए.आई.डि.को आर्थिक सहयोगमा सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन, २०६५ (दोस्रो परिमार्जन) बाट साभार गरिएको हो ।

## सुशासन सुदृढीकरण

सुशासन सुदृढिकरण गर्नका लागि उपभोक्ताहरूले आफ्नो अधिकारको खोजी गर्नका साथै जिम्मेवारी बहन गर्नु पर्दछ । उपभोक्ता समूहको सुशासनको सुदृढिकरण भएमा अन्य सेवा प्रदायक निकायहरूमा समेत पारदर्शिता र जवाफदेहितामा बृद्धि गर्न मद्दत पुग्दछ ।

## पारदर्शिताका सम्वन्धमा मार्गदर्शनमा भएका मूख्य प्रावधानहरु

- वार्षिक रु. २५,०००।- भन्दा कम आम्दानी हुने उपभोक्ता समूहको लेखापरीक्षण समूहले तोकेको व्यक्ति वा समितिबाट गराउन सकिनेछ ।
- सामुदायिक वन उपभोक्ता समूहको लेखापरीक्षक समूहको साधारण सभाबाट तोकिनु पर्दछ ।
- समूहले गरेका कामको कम्तीमा वर्षको १ पटक सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षण गर्नु पर्ने र यस प्रक्रियामा विपन्न, महिला, दलितलाई संलग्न गराउनु पर्दछ ।
- समूहको आम्दानी, खर्च, कार्यक्रम र बैठकका निर्णयको जानकारी नियमित रुपमा उपभोक्तालाई पायक पर्ने सार्वजनिक ठाउँमा टाँस गर्ने र समूहका सदस्यहरू बीच समय-समयमा छलफल तथा बहस गर्नु पर्दछ ।
- वनको संरक्षण, विकास र व्यवस्थापनमा उपभोक्ताले गरेको जनश्रमदान बराबरको रकम वन विकासमा उपभोक्ताले गर्नु पर्ने २५ प्रतिशत खर्चमा समावेश गर्न सकिनेछ ।
- साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार मात्र उपभोक्ता समूहको कोषको रकम खर्च गर्नु पर्दछ ।
- समूहभन्दा बाहिर वन पैदावर बिक्री गर्दा साधारण सभाको निर्णय हुनु पर्ने व्यवस्था विधानमा उल्लेख गरिनु पर्दछ ।
- समूहमा सुशासन सुदृढ गर्नको लागि आवश्यक सूचकको निर्धारण गरी माकुरी जालो विधिद्वारा समूहको सुशासनको अवस्था आँकलन गर्नु पर्दछ । साथै समूहको सुशासन सुदृढीकरण योजना तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।
- दलित, जनजाति, महिला तथा विपन्न बर्ग, फरक क्षमता भएका वर्गको निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता जुटाई सो वर्गको नेतृत्व विकासमा सहयोग गर्नु पर्दछ ।

## जवाफदेहिता तथा जिम्मेवारीपनसँग सम्वन्धी प्रावधानहरु

- जीविकोपार्जन कार्यक्रम अन्तरगत पुऱ्याईएको सहयोगको अनुगमन, मुल्याङ्कन तथा अभिलेखन गरी समूहले जिल्ला वन कार्यालय तथा सहयोगी निकायहरूलाई प्रतिवेदन पठाउनु पर्दछ ।
- समितिका पदाधिकारी हेरफेर हुँदा अनिवार्य रुपमा बरबुझारत गर्नु पर्दछ ।
- वार्षिक कार्यक्रम साधारण सभाबाट पारित नगराई लागु गर्न पाइने छैन ।
- स्वीकृत वार्षिक योजना अनुसार मात्र उपभोक्ता समूहको कोष खर्च गर्नु पर्दछ ।
- समितिका पदाधिकारीहरूलाई सार्वजनिक पद धारणा गरेको मानी आर्थिक अनियमितता गर्ने पदाधिकारी उपर कारबाही गर्न सकिनेछ ।
- समूहले बिधान पेश गरेको ३० दिन भित्र जिल्ला वन अधिकृतले उपभोक्ता समूह दर्ता गरी प्रमाण-पत्र दिनु पर्दछ। यदि सो अवधिमा समूह दर्ता गर्न नसक्ने अवस्था भए सोको कारण स्पष्ट रुपमा खुलाई लिखित रुपमा सम्बन्धित उपभोक्ता समूहलाई जानकारी गराउनु पर्दछ ।
- कार्ययोजना पेश गरेको ३० दिन भित्र जिल्ला वन अधिकृतले स्वीकृत गर्नु पर्दछ । स्वीकृत गर्न नसकिने अवस्था भएमा सो को कारण सहित लिखित जानकारी समूहलाई दिनु पर्दछ ।
- समूहले वार्षिक योजना तयार गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ ।
- रेन्जपोष्ट, ईलाका वन कार्यालय र जिल्ला वन कार्यालयले कम्तीमा वर्षको १ पटक प्रत्येक सामुदायिक वन उपभोक्ता समूहको नियमित अनुगमन गरी राय सुझाव लिने दिने प्रक्रिया अपनाउनु पर्दछ ।

## विपन्नमूखी जीविकोपार्जन

विपन्नमूखी जीविकोपार्जन कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि दलित, जनजाति, महिला तथा विपन्न वर्गमा आफ्नो अधिकारको सुनिश्चितता महशुस हुने खालका कार्यक्रम सञ्चालन गर्नु पर्दछ । दलित, जनजाति, महिला तथा विपन्न वर्गलाई आर्थिक सशक्तिकरणकालागि कार्यक्रम सञ्चालन गर्नु र सहुलियत वा निःशुल्क रुपमा वन पैदावार वितरण गर्नु उपभोक्ता समितिको जवाफदेहीता हो । दलित, जनजाति, महिला तथा विपन्नमूखी जीविकोपार्जन कार्यक्रम सञ्चालन गरी उनीहरूको सामाजिक एवम् आर्थिक अवस्थामा सुधार ल्याउन निम्न कार्य गर्नुपर्दछ ।

- समूहको आम्दानीको कम्तीमा पनि ३५ प्रतिशत रकम सहभागितामूलक सम्पन्नता स्तरिकरणलाई आधार मानी विपन्न वर्गका महिला, दलित, आदिवासी जनजातीका लागि लक्षित कार्यक्रममा परिचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- विपन्न वर्गको आय आर्जनका लागि सामुदायिक वनको जग्गा छुट्याउन सकिने प्रावधान समावेश गरिएको छ ।
- हरेक समूहले सहभागीतामूलक सम्पन्नता स्तरीकरण गरी सो को आधारमा विपन्नको जीविकोपार्जन योजना तयार गर्नु पर्दछ ।